दार्मा गाउपालिकाको शैक्षिक गुणस्तरलाई अझ वृद्धि गरी शैक्षिक सुधार सम्बन्धी कार्यहरुको उत्कृष्ट पक्षहरुको मुल्याङकन गरी राम्रो शिक्षकलाई उत्कृष्ट र औसत शिक्षकलाई राम्रो बन्न र शिक्षण पेसालाई अझ मर्यादित बनाउनको लागि शिक्षकहरुले अध्यापन गर्ने बिषयहरुको सिकाइ उपलब्धीका आधारमा प्रोत्साहन उपलब्ध गराउनको लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को ज( ज.)वमोजिम दार्मा गाउपालिका वाट यो कार्यविधि वनाइ लगू गरियको हो ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “ दार्मा गाउपालिकाको सामूदायिक विददालयको शैक्षिक गुणस्तरलाई व्यवस्थापन गर्ने किार्यविधि २०७६” रहेको छ ।

(२) यो कार्यविधि दार्मा गाउँपालिका भर लागु हुनेछ ।

(३) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) “प्रारम्भिक बालशिक्षा” भन्नाले ५ वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(ख)“आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) “प्राथमिक शिक्षा” भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनपर्छ ।

(घ) “आधारभूत शिक्षा” प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षासम्झनु पर्छ ।

(ङ)“माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) “विद्यालय शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा बाहसम्म दिइने शिक्षा सम्झनपर्छ ।

(छ)“गाउँपालिका” भन्नाले सल्यान जिल्लाको दार्मागाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ज)“गाउँ सभा” भन्नाले सल्यान जिल्लाको दार्मा गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(झ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(ट) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ठ) “सामुदायिक विद्यालय” भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदानपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयसम्झनुपर्छ ।

(ड) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाटनियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ढ) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ण) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(त) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(थ) “स्वीकृति” भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकारगाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(द) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ध) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

## पच्छिेद २

## ३.कार्यक्रम सञ्चालन प्रक्रिया

क) प्रत्येक शैक्षिक वर्षको अन्तमा दार्मा गाउपालिकाको तहगत,कक्षागत,विषयगत सिकाइ उपलब्धी गणना गरी यसलाई भौगोलिक एकाइको सिकाइ उपलब्धी भन्ने ।

ख) प्रत्येक विद्यालयको तहगत,कक्षागत,विषयगत सिकाइ उपलब्धी गणना गरी यसलाई विद्यालयको तहगत,कक्षागत,विषयगत सिकाइ उपलब्धी भन्ने ।

ग) प्रत्येक शिक्षकले वर्षभरीमा अध्यापन गरेका कक्षा र विषयको सिकाइ उपलब्धी गणना गरी यसलाई शिक्षकको बिषयगत सिकाइ उपलब्धी भन्ने ।

घ) भौगोलिक एकाइको बिषयगत सिकाइ उपलब्धी र शिक्षकको बिषयगत सिकाइ उपलब्धीको अन्तर निकाल्ने

ङ) भौगोलिक एकाइको बिषयगत सिकाइ उपलब्धी र शिक्षकको बिषयगत सिकाइ उपलब्धीको अन्तरका आधारमा मासिक प्रोत्साहन रकम निकाल्ने ।

च)यो प्रोत्साहन रकम शिक्षकको तलब भत्ता निकासा गर्दा नीज कार्यरत रहेको विद्यालयको खातामा निकासा गरीदिने ।

## ४.कार्यक्रमका सिमीतता

क)यो प्रोत्साहन रकम दार्मा गाउपालिका अन्तरगत रहेका विद्यालयमा कार्यरत रहेको अवस्थामा मात्र प्राप्त हुन सक्ने छ ।

ख) यो प्रोत्साहन रकम शिक्षकले गत शैक्षिक शत्रमा अध्यापन गरेका कुनै एक विषयमा मात्र प्राप्त गर्न सक्नेछन ।

ग) यो प्रोत्साहन रकम प्राप्त गर्न गत शैक्षिक शत्रमा शिक्षक कम्तीमा विद्यालयखुलेको दिनको ९२ भन्दा बढी प्रतिशत दिन विद्यालयमा उपस्थित भएको हुनु पर्ने छ ।

घ( कुनै एउटा कक्षाको एक विषयको गणना एक भन्दा बढी शिक्षकले गर्न पाइने छैन ।

ङ) सिकाई उपलब्धीको गणना गाउपालिका/राष्ट्रीयस्तरको परीक्षाबाट मात्र गरीने छ

## ५.छनौट विधि तथा प्रक्रिया

**क) सिकाइ उपलब्धीमा आधारीत प्रोत्साहन कार्यक्रमका शिक्षक छनौट प्रक्रिया**

कार्यक्रममा सहभागी हुन चाहने दार्मा गाउपालिका भित्रका विद्यालयहरुमा अध्यापनरत शिक्षकहरुले अनुसूची को फाराम.नं १ भरी बैशाख १५ गतेभित्र प्र.अ.लाई बुझाउने । प्र.अ.ले फाराम प्राप्त गरेको ५ दिनभित्र फाराममा उल्लेख भएका अङ्कलाई रुजु गरि बि.ब्य.स.को बैठकमा फारामहरु पेस गरी फाराममा उल्लेख भएका सिकाइ उपलब्धी सत्यापन गरी प्रोत्साहन पाउन योग्य शिक्षकहरुको मात्र सिकाइ उपलब्धीमा आधारीत प्रोत्साहन कार्यक्रम शिक्षक छनौट समितिमा बैशाख २५ गतेभित्र पठाउने

गाउपालिका भित्र रहेका विद्यायालयबाट प्राप्त फारामहरु छनौट समितिले संकलन गरि आफूलाई प्राप्त फारामहरुमा उल्लेख भएका अङ्कहरुको पुस्टयाई गरी सिकाइ उपलब्धीमा आधारीत प्रोत्साहन कार्यक्रम पाउन योग्य शिक्षकहरुको नामावली र रकम सहितको सूची तयार गरी गाउ शिक्षा समितिमा पेश गर्ने ।

गाउ शिक्षा समितिले **सिकाइ उपलब्धीमा आधारीत प्रोत्साहन कार्यक्रम शिक्षक छनौट समिति** ले पेशगरेको सुची रुजु गरि सो का लागि आवश्यक रकम ब्यवस्थापन गर्न गाउ कार्यपालिकामा पठाउने । कार्यपालिकाले आवश्यक रकम प्रदान गर्ने ।

**६.सिकाइ उपलब्धीमा आधारीत प्रोत्साहन कार्यक्रम शिक्षक छनौट समिति**

| | |
|---|---|
| क)गाउ शिक्षा समितिका अध्यक्ष | अध्यक्ष |
| ख)सामाजिक विकास समिति संयोजक | सदस्य |
| ग)गाउ शिक्षक महासंघ अध्यक्ष | सदस्य |
| घ) गाउ शिक्षा समितिले मनोनित गरेको महिला १ जना | सदस्य |
| ङ)शिक्षा ,यूवा तथा खेलकूद शाखा प्रमूख | सदस्य |

दार्मा गाउपालिका

सिकाइ उपलब्धीमा आधारीत प्रोत्साहन कार्यक्रम

(शिक्षक छनौटका लागि शिक्षकले भर्ने फाराम)

फाराम नं. १

विद्यालयको नाम........................................ठेगाना........................................शै.वर्ष २०७६

शिक्षकको नाम थर शै.वर्ष २०७५ मा विद्यालय खुलेको दिन [ ]

शै.वर्ष २०७५ मा हाजिर भएको दिन [ ] उपस्थिति प्रतिशत [ ]

| | | | | | |
|---|---|---|---|---|---|
| अध्यापन गरेका कक्षाहरु (क) | | | | | |
| अध्यापन गरेका बिषयहरु (ख) | | | | | |
| अध्यापन गरेका विषयको औसत सिकाइ उपलब्धी वा औसत ग्रेड प्वाइन्ट (ग) | | | | | |
| सम्बन्धीत बिषयको भौगोलिक एकाइको औसत सिकाइ उपलब्धी वा औसत ग्रेड प्वाइन्ट (घ) | | | | | |
| अध्यापन गर्ने विषयको औसत सिकाइ उपलब्धी वा औसत ग्रेड प्वाइन्ट र सम्बन्धीत बिषयको भौगोलिक एकाइको औसत सिकाइ उपलब्धी वा औसत ग्रेड प्वाइन्टको अन्तर (ङ) | | | | | |
| सुत्रमा आधारीत **प्रोत्साहन कार्यक्रमको रकम** (च) | | | | | |
| **सिकाइ उपलब्धीमा आधारीत प्रोत्साहन कार्यक्रममा सहभागी हून चाहेको विषय र कक्षा** | **कक्षा** | | | | |
| | **विषय** | | | | |
| | रकम | | | | |

शिक्षक प्र.अ विव्यस

( शिक्षकले कुनै पाचवटा कक्षा वा विषय मात्र भर्ने ,फाराममा रकम लेखिएको खण्ड बाहेक अन्य खण्डहरु भर्ने भरिएका विवरण गलत ठहरेमा प्रोत्साहन कार्यक्रममा समावेश गराइने छैन । )

शिक्षकले पाउने प्रोत्साहन रकम निकाल्ने बिधि

अध्यापन गराउने कक्षाको शिक्षकले अध्यापन गरेको मध्येबाट उसले रोजेको विषयको औसत सिकाइ उपलब्धी - सोही बिषयको भौगोलिक एकाइको सिकाइ उपलब्धी/१००*3000

यो रकम एक महिनाको प्रोत्साहन रकम हुनेछ । यो प्रोत्साहन रकम एक शैक्षिक शत्रको लागि मात्र हूने छ ।

उदाहरण

**दार्मा गाउपालिका**

**सिकाइ उपलब्धीमा आधारीत प्रोत्साहन कार्यक्रम शिक्षक छनौट**

फाराम नं. १

विद्यालयको नाम .ठेगाना दार्मा गाउपालिका शै.वर्ष २०७५

शिक्षकको नाम थर शै.वर्ष २०७५ मा विद्यालय खुलेको दिन [ ]

शै.वर्ष २०७५ मा हाजिर भएको दिन [ ] उपस्थिति प्रतिशत [ ]

| | | | | |
|---|---|---|---|---|
| अध्यापन गर्ने कक्षाहरु | | | | |
| अध्यापन गर्ने बिषयहरु | | | | |
| अध्यापन गर्ने विषयको औसत सिकाइ उपलब्धी वा औसत ग्रेड प्वाइन्ट | | | | |
| सम्बन्धीत बिषयको भौगोलिक एकाइको औसत सिकाइ उपलब्धी वा औसत ग्रेड प्वाइन्ट | | | | |
| अध्यापन गर्ने विषयको औसत सिकाइ उपलब्धी वा औसत ग्रेड प्वाइन्ट र सम्बन्धीत बिषयको भौगोलिक एकाइको औसत सिकाइ उपलब्धी वा औसत ग्रेड प्वाइन्टको अन्तर | | | | |
| सुत्रमा आधारीत **प्रोत्साहन कार्यक्रमको रकम** | | | | |
| **सिकाइ उपलब्धीमा आधारीत प्रोत्साहन कार्यक्रममा सहभागी हून चाहेको विषय र कक्षा** | **कक्षा** | | | |
| | **विषय** | | | |
| | रकम | | | |

शिक्षक प्र.अ विब्यस